# दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपुर्ति सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८१/०५/१३

दक्षिणकाली नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम अन्तर्वार्ता तथा सूचिकरण समितिको मिति २०८१/०५/११ गतेको निर्णयानुसार यस नगरपालिका र यस न.पा. अन्तर्गतको दक्षिणकाली नगर अस्पताल, चाल्नाखेल, काठमाडौंमा तपसिल बमोजिमको पदमा लोक सेवा आयोगबाट सिफारिस वा अन्यत्रबाट स्थायी कर्मचारी सरुवा भई नआएसम्मको लागि दक्षिणकाली नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सेवा करारमा राखी कामकाजमा लगाउनु पर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम, शैक्षिक योग्यता र अनुभव, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | परिक्षा दस्तुर रु. |
|---|---|---|---|---|
| १ | १-२०८१/०८२ | उद्यम विकास सहजकर्ता | १ (एक) | रु.५००।- |
| २ | २-२०८१/०८२ | रेडियोग्राफर | १ (एक) | रु.५००।- |

१) **उद्यम विकास सहजकर्ता पदको लागि आवश्यक न्यूनतम योग्यता :**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

ख) कार्य अनुभव र माथिल्लो शैक्षिक योग्यता हासिल गरेकोलाई विशेष ग्राह्यता दिईनेछ ।

ग) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुगी ३५ ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

२) **रेडियोग्राफर पदको लागि आवश्यक न्यूनतम योग्यता :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा रेडियोग्राफी विषयमा डिप्लोमा उतिर्ण गरेको हुनुपर्ने ।

ख) सम्बन्धित परिषदमा दर्ता/नविकरण भएको हुनुपर्नेछ ।

ग) कार्य अनुभव र माथिल्लो शैक्षिक योग्यता हासिल गरेकोलाई ग्राह्यता दिईनेछ ।

घ) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।

**३) आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रतिलिपि ।

ख) न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा शैक्षिक योग्यता खुलेको तथ्यांक र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

ग) सबै प्रमाणपत्रहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

घ) रेडियोग्राफर पदको लागि सम्बन्धित परिषदमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

ङ) कार्य अनुभवको प्रतिलिपि ।

४) **<u>सेवा सुविधा :</u>**

क) उद्यम विकास सहजकर्ताको हकमा नेपाल सरकारबाट तोकिए बमोजिम सहायकस्तर चौथो तहको सुरु तलब स्केल बराबरको रकम ।

ख) रेडियोग्राफरको हकमा नगरपालिकाको निर्णय बमोजिम मासिक रु.२५,३००।-

७) **<u>परिक्षाको किसिम :</u>** अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा समावेश गराईनेछ ।)

८) सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे तथा प्रचलित कानून बमोजिम हुनेछ ।

९) आवेदन फाराम यस नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयको प्रशासन शाखाबाट समेत प्राप्त गर्न सकिनेछ ।

१०) **परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ ।

११) थप जानकारीको लागि यस नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ र इमेल info@dakshinkalimun.gov.np मा सम्पर्क गर्न सक्नु हुनेछ ।

-प्रमुख प्रशासकीय अधिकृत